# कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४१

कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बयरबन,मोरङ
१ नं प्रदेश,नेपाल

निर्णय प्रकाशित
२०७८।११।२०

सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्ताव नं.</u>** (१)

चिसाङ खोलाको ठेक्का बन्दोबस्त सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (२)

कानेपोखरी अस्पतालबाट चौविसै घण्टा सेवा सञ्चालनमा ल्याउन शौचालय निर्माण तथा कोठा मर्मतसम्भार गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (३)

कानेपोखरी अस्पतालका लागि औजार/उपकरणको व्यवस्थापन गर्ने।

**<u>प्रस्ताव नं.</u>** (४)

सुरक्षित नागरिक आवास कार्यक्रम (सशर्त अनुदान) सञ्चालन गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (५)

जनता आवास कार्यक्रमको लाभग्राही छनोट गरी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (६)

विद्यालयलाई अनुदान रकम निकासा गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (७)

स्थानीय पाठ्यक्रम तर्जुमा गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (८)

वैदेशिक रोजगारमा गएका गाउँबासीहरुको तथ्यांक परामर्श सेवा मार्फत संकलन गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (९)

इञ्जिनियरिङ सेवा, सर्भे समुह, सहायक पाँचौं तहको सर्भेक्षक पद करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (१०)

विशेष गाउँ सभा अधिवेशन आव्हान गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (११)

प्रमुख प्रशासकीय अधिकृतलाई आवास लगायतको सुविधा उपलब्ध गराउने सम्बन्धमा।

**<u>प्रस्ताव नं.</u>** (१२)

रमाइलो-बयरवन सडक मर्मतसम्भार गर्ने सम्बन्धमा।

## <u>निर्णय नं.</u> (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा चिसाङ खोलाको ठेक्का व्यवस्थापन सम्बन्धमा बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिकाको अन्तर स्थानीय तह संयुक्त समन्वय समितिको मिति २०७८।११।१९ गते बसेको बैठकले गरेको निर्णयको बारेमा यस बैठकमा जानकारी भयो र सो निर्णयलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै उक्त बैठकको निर्णय नं. (१) बमोजिम

गर्ने/गराउने व्यवस्थाका लागि आवश्यक सम्पूर्ण प्रकृया तत्काल अघि बढाउन बेलबारी नगरपालिकामा लेखी पठाउने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा कानेपोखरी अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७८ बमोजिम कानेपोखरी आधारभूत अस्पतालमा चाहिने जनशक्ति व्यवस्थापन सम्बन्धमा कार्यालयबाट हालसम्म भए/गरेको विषयको बारेमा यस बैठकमा जानकारी भयो। त्यसैगरी कानेपोखरी गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, इञ्जिनियर, मेडिकल अधिकृत तथा अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति समेतको उपस्थितिमा विद्यमान बयरवन स्वास्थ्य चौकीबाट पाँच शैयाको आधारभूत अस्पताल सञ्चालनमा ल्याउन तत्काल गर्नुपर्ने आधारभूत कार्य र त्यसका लागि पूर्वाधार विकास शाखाबाट तयार भई पेश हुन आएको लागत अनुमान र उक्त टोलीले दिएको सुझाव समेत यस बैठकमा जानकारी भयो र कानेपोखरी गाउँपालिकाको स्थापना दिवस अर्थात् मिति २०७८।११।२७ गतेदेखी कानेपोखरी अस्पतालबाट २४ घण्टे सेवा उद्घाटन गर्ने गरी तत्काल् देहाय बमोजिमका निर्माण तथा मर्मतसम्भार कार्य गर्ने/गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

| तत्काल गर्नुपर्ने कार्य | विनियोजित रकम | व्योहोर्ने स्रोत |
|---|---|---|
| बयरवन स्वास्थ्य चौकीको उत्तरपट्टि पुरुष तथा महिला शौचालय निर्माण | ५००,०००।०० | समपूरक कोष |
| अस्पताल सञ्चालन गरिने कोठा मर्मतसम्भार | ५००,०००।०० | मर्मतसम्भार कोष |

उल्लिखित देखि बाहेक अन्य कार्य तत्काल गर्नुपर्ने देखिएमा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको कोषबाट खर्च लेख्ने गरी निर्माण तथा मर्मत कार्य गर्न/गराउन समितिलाई लेखी पठाउने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा कानेपोखरी अस्पतालबाट इमर्जेन्सी, रेडियोग्राफी, ल्याब, बहिरंग तथा अन्तरंग लगायतका सेवा तत्काल सञ्चालनमा ल्याउनका लागि के/कस्ता औजार/उपकरण तथा सामाग्री (स्पेशिफिकेशन तथा लागत अनुमान समेत तयार गर्न) तत्काल व्यवस्थापन गर्नुपर्ने हो भनी गाउँपालिकाका मेडिकल अधिकृत डा. रामशंकर यादवलाई कार्यालयबाट कार्यादेश दिइएकोमा मेडिकल अधिकृत डा. रामशंकर यादवले पेश गर्नु भएको औजार/उपकरण तथा सामाग्रीको स्पेशिफिकेशन तथा लागत अनुमान बमोजिमको सामाग्री तत्काल खरिद गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

# कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४१

कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बयरबन, मोरङ
१ नं प्रदेश, नेपाल
निर्णय प्रमाणित
२०७८।११।२०
सन्तोष घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि श्री संघीय आयोजना कार्यान्वयन इकाई, बिराटगनर, मोरङको चलानी नं. ७६२, मिति २०७८।११।१५ गतेको पत्रका बारेमा बैठकमा जानकारी भयो। सो सम्बन्धमा उल्लिखित पत्रले १,२ र ३ नं. वडाका लागि सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयनका लागि विनियोजन गरेको संख्यालाई दामासाहीका दरले उक्त तीनवटै वडामा संख्या बाँडफाँड गर्ने र स्वीकृत कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन प्रकृया अघि बढाउन सम्बन्धित तीनवटै वडा र योजना तथा अनुगमन शाखालाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँ सभा अधिवेशनद्वारा स्वीकृत जनता आवास कार्यक्रम सञ्चालनका लागि १ नं. वडादेखी ७ नं. वडाबाट प्राप्त लाभग्राहीहरुको नामावली स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै पूर्वाधार विकास शाखाबाट लागत अनुमान लिई उल्लिखित लाभग्राहीहरुको आवास निर्माणका लागि नेपाल सरकारबाट स्वीकृत सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (पहिलो संशोधन २०७७) मा उल्लिखित अनुसूची २ र अनुसूची ३ बमोजिम क्रमशः आयोजना सम्झौता गरी कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय सर्वसम्मतीले पारित गरियो। (स्वीकृत नामावली वेभसाइटबाट सार्वजनिक गरिनेछ)

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा गाउँ सभा अधिवेशनद्वारा ३ नं. वडाका लागि सामाजिक विकास तर्फ शिक्षा प्रवर्द्धन (निःशर्त अनुदान) स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित विद्यालयमा निःशर्त अनुदान स्वरुप विनियोजित रकम निकासा गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने सम्बन्धमा शिक्षा तथा सामाजिक विकास शाखाबाट पेश भए बमोजिमको ढाँचामा स्थानीय पाठ्यक्रम निर्माण गर्ने प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका क्षेत्रभित्र स्थायी ठेगाना भई रोजगारीका लागि विदेशिएका गाउँबासीहरुको तथ्यांक परामर्श सेवा मार्फत संकलन गर्ने गरी कार्यालयबाट गरिएको विषय यस बैठकमा जानकारी भयो र सो कार्यका लागि लागेको सम्झौता बमोजिमको खर्च छपाई

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४१

शीर्षकबाट व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको स्वीकृत संगठन संरचनामा व्यवस्था भएको इञ्जिनियरिङ सेवा, सर्भे समुह, सहायक पाँचौं तहको सर्भेक्षक पद कानेपोखरी गाउँपालिकामा प्राविधिक कर्मचारी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम व्यवस्थापन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (१०)

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको विनियोजन ऐन, २०७८ उपर सामयिक संशोधन एवम् अन्य आवश्यक विषय उपर निर्णय लिन **गाउँ सभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५** को दफा ३ को उपदफा (२) बमोजिम कानेपोखरी गाउँपालिकाको विशेष गाउँ सभा अधिवेशन आव्हान गर्न गाउँपालिका अध्यक्ष श्री ताराबहादुर काफ्ले ज्यूलाई परामर्श दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (११)

प्रस्ताव नं. (११) माथि छलफल गर्दा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई घरभाडामा लिई आवासको व्यवस्थापन गर्ने तथा निजको लागि कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को दफा ८ को उपदफा (३) मा भएको प्रावधान बमोजिमको सुविधा गाउँपालिकाका अध्यक्ष ज्यूको निर्णयबाट उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (१२)

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिका ६ नं. वडाको बयरवन-रमाइलो सडकमा ड्रेन, स्ल्याब र ग्राभेल मर्मत कार्यको लागि मर्मतसम्भार कोषबाट रु. १ लाख ५० हजार रुपैंया विनियोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।**